# विदेशी कामदारको रोजगार सम्बन्धी निर्देशिका

नियमहरूको पालना गरी अन्तर्राष्ट्रियकरण

**STOP!**

**अवैध रोजगार**



टोक्यो महानगरपालिका नागरिक सुरक्षा प्रवर्द्धन कार्यालय

# Contents


सुरुमा ........................................................................................ 1

रोजगार दिन नहुने विदेशी नागरिकको बारेमा ................................................. 2

विदेशी नागरिकलाई रोजगार दिने बेला .......................................................... 3

रेजिडेन्स कार्ड भनेको के हो? .......................................................................... 4

रेजिडेन्स कार्डको कीर्ते रोकथामका उपायहरू ................................................ 5

रेजिडेन्स कार्डको जानकारी निश्चय गर्ने तरिका ............................................... 6

बसोबास योग्यता के कस्ता किसिमका हुन्छन्? .............................................. 8

बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिको बारेमा ............................ 9

अन्य निश्चय गर्नुपर्ने कागजातहरू ............................................................... 10

अस्थायी रिहाइ भनेको के हो? ....................................................................... 11

रोजगार दिन सम्भव छ वा छैन भन्ने कुरा कसरी निश्चय गर्ने? ........................ 12


रोजगार दिएपछि सूचित गराउनुपर्ने कुराहरू ................................................ 14

अनलाइन भिसा आवेदन प्रक्रिया ................................................................. 14

अवैध कामदारलाई रोजगार दियो भने ........................................................... 15

प्राय: सोधिने प्रश्नहरू ................................................................................ 16

विदेशी नागरिकको रोजगारीबारे समस्या भएको बेला? ...................................... 17

सुरुमा


# विदेशी नागरिकलाई रोजगार दिने सम्पूर्ण रोजगारदाताहरूको लागि

विदेशी नागरिकलाई "अध्यागमन व्यवस्थापन तथा शरणार्थी प्रमाणीकरण ऐन" (अध्यागमन ऐन) मा तोकिएको बसोबास योग्यताको दायरा भित्र रहेर जापानमा काम गर्न स्वीकृति दिइएको छ। तसर्थ रोजगारदाताले विदेशी नागरिकलाई रोजगार दिने बेला, रेजिडेन्स कार्ड आदिद्वारा उक्त व्यक्तिले जापानमा काम गर्न स्वीकृति पाएको छ वा छैन, निश्चय गर्नु आवश्यक हुन्छ।

हाल 2019 साल अक्टोबरको विदेशी कामदारको सङ्ख्या लगभग 16 लाख 60 हजार जना रहेको छ जुन हालसम्मको सबै भन्दा उच्च सङ्ख्या हो। तर हाल 2020 साल जनवरीमा जापानमा अवैध रूपमा बसोबास (ओभरस्टे) गर्ने विदेशी नागरिकको सङ्ख्या लगभग 83 हजार जना रहेको र ती मध्ये धेरैले अवैध रोजगार गरिरहेको अनुमान गरिएको छ।

टोक्यो महानगरपालिकाले सम्पूर्ण रोजगारदाताहरूलाई विदेशी नागरिकलाई रोजगार दिने बेला ध्यान दिनुपर्ने कुराहरू सही ढंगमा बुझ्न मद्दत गर्नुका साथै "अवैध रोजगार रोक्ने वातावरण बनाउन" सहयोग लिनको लागि यो पुस्तिका तयार गरेको छ।

## अवैध रूपमा बसोबास (ओभरस्टे) गर्ने विदेशी नागरिकको परिवर्तनशील सङ्ख्या




स्रोत: जापान अध्यागमन सेवा विभाग

# रोजगार दिन नहुने विदेशी नागरिकको बारेमा

निम्न उल्लिखित विदेशी नागरिकहरूलाई काम गर्न स्वीकृति दिइएको छैन।

**1**

अवैध रूपमा जापानमा बसोबास (ओभरस्टे) गरिरहेको व्यक्ति र जबरजस्ती फिर्ता पठाइने व्यक्ति

(उदाहरण)

- अवैध रूपमा बसोबास गरिरहेको व्यक्ति (ओभरस्टे गर्ने व्यक्ति) र अवैध रूपमा जापानमा प्रवेश गरेको व्यक्ति
- जबरजस्ती फिर्ता पठाउने कुराको निर्णय भइसकेको व्यक्ति

**2**

काम गर्ने स्वीकृति नभएको बसोबास योग्यता भई, काम गर्ने अनुमति प्राप्त नगरेको व्यक्ति

(उदाहरण)

- पर्यटन जस्ता छोटो अवधिको बसाइमा जापान प्रवेश गरेको व्यक्ति
- विदेशी विद्यार्थी र शरणार्थी प्रमाणीकरणको लागि आवेदन दर्ता गरी, काम गर्ने अनुमति प्राप्त नगरेको व्यक्ति

**3**

काम गर्ने स्वीकृति भएको तर स्वीकृति प्राप्त दायरा बाहिरको काम गर्ने व्यक्ति

(उदाहरण)

- विदेशी खानाको कूक वा भाषा विद्यालयको शिक्षकको रूपमा स्वीकृति प्राप्त गरेको भए तापनि, कारखाना आदिमा साधारण कामदारको रूपमा काम गर्ने व्यक्ति
- तोकिएको समय भन्दा बढी काम गर्ने विदेशी विद्यार्थी



# विदेशी नागरिकलाई रोजगार दिने बेला...

**1**

सुरुमा रेजिडेन्स कार्ड निश्चय गर्नुहोस्।

▶ P4～P5

▼

**2**

त्यसपछि
"बसोबास योग्यता" र "बसोबास अवधि" निश्चय गर्नुहोस्।

▶ P6～P7

▼

**3**

यसका साथै "प्रतिबन्धित काम छ वा छैन ", "बसोबास योग्यता बाहिरको गतिविधिको अनुमति छ वा छैन", "विस्तृत विवरण उल्लेखपत्रको विवरण" आदि निश्चय गरी, रोजगार दिन सम्भव छ वा छैन निर्णय गर्नुहोस्।

▶ P6～P13

▼

**4**

अन्त्यमा विदेशी नागरिकलाई रोजगार दिएपछि अनिवार्य रूपमा हेलो वर्कलाई जानकारी गराउनुहोस्।

▶ P14

# रेजिडेन्स कार्ड भनेको के हो?

लामो अवधि जापानमा बसोबास गर्ने विदेशी नागरिकको लागि जारी गरिने कार्डलाई रेजिडेन्स कार्ड भनिन्छ र सामान्यतया विशेष स्थायी बसोबासी बाहेक अन्य रेजिडेन्स कार्ड नभएको व्यक्तिले जापानमा काम गर्न पाउनेछैन।

**निम्न ① ~ ⑥ मध्ये कुनैमा पनि नपर्ने व्यक्तिहरू रेजिडेन्स कार्ड जारीको दायरामा पर्ने व्यक्तिहरू ("मध्यमदेखि लामो अवधि बसोबास गर्ने व्यक्ति" भनिन्छ) हुन्।**

① "3 महिना" वा सोभन्दा कमको बसोबास अवधि तय गरिएको व्यक्ति
② "छोटो अवधिको बसाइ" को बसोबास योग्यता तय गरिएको व्यक्ति
③ "कूटनीति" अथवा "सरकारी कामकाज" को बसोबास योग्यता तय गरिएको व्यक्ति
④ "निर्दिष्ट गतिविधि" को बसोबास योग्यता तय गरिएको ताइवान-जापान सम्बन्ध संघको जापानको कार्यालय (यसमा ताइपे जापान आर्थिक तथा सांस्कृतिक प्रतिनिधि कार्यालय आदि) अथवा जापानको प्यालेस्टाइन जनरल प्रतिनिधि विभागको कर्मचारी वा उनीहरूको परिवारको सदस्य
⑤ विशेष स्थायी बसोबासी
⑥ बसोबास योग्यता नभएको व्यक्ति


**रेजिडेन्स कार्ड जारीको दायरामा पर्ने व्यक्तिको उदाहरण**

○ जापानी नागरिकसँग वैवाहिक सम्बन्धमा रहेको व्यक्ति
○ कम्पनी आदिमा कार्यरत व्यक्ति
○ विदेशी विद्यार्थी
○ भूतपूर्व जापानी नागरिक
○ प्राविधिक प्रशिक्षार्थी
○ स्थायी बसोबासी आदि

**रेजिडेन्स कार्ड जारीको दायरामा नपर्ने व्यक्तिको उदाहरण**

○ पर्यटक
○ कूटनीतिज्ञ
○ अवैध रूपमा जापानमा बसोबास (ओभरस्टे) गरिरहेको व्यक्ति आदि

नमुना




रेजिडेन्स कार्ड नम्बर

म्याद सकिने मिति

## रेजिडेन्स कार्डमा "म्याद सकिने मिति" हुन्छ।

**स्थायी बसोबासी र उच्च दक्ष विशेषज्ञ 2 भएको व्यक्ति**

| | |
|---|---|
| 16 वर्ष वा सोभन्दा बढी उमेरको व्यक्ति | जारी मितिदेखि 7 वर्षको अवधि |
| 16 वर्ष भन्दा कम उमेरको व्यक्ति | 16 वर्षको जन्मदिन सम्म |

**स्थायी बसोबासी र उच्च दक्ष विशेषज्ञ 2 बाहेकका व्यक्ति**

| | |
|---|---|
| 16 वर्ष वा सोभन्दा बढी उमेरको व्यक्ति | बसोबास अवधिको म्याद पूरा हुने मितिसम्म |
| 16 वर्ष भन्दा कम उमेरको व्यक्ति | बसोबास अवधिको म्याद पूरा हुने मिति वा 16 वर्षको जन्मदिन मध्ये जुन पहिले आउँछ, त्यही मितिसम्म |

रेजिडेन्स कार्डको म्याद सकिने मितिको नवीकरण आदिको लागि नजिकको अध्यागमन सेवा ब्यूरोमा सम्पर्क गर्नुहोस्।

# रेजिडेन्स कार्डको कीर्ते रोकथामका उपायहरू

## ग्राफिक हरियो रङ्गमा परिवर्तन हुन्छ।

कार्डलाई तल माथि ढल्कायो भने MOJ को अक्षर वरिपरिको ग्राफिक गुलाबीबाट हरियोमा परिवर्तन हुन्छ।







## बायाँपट्टिको छेउ गुलाबी रङ्गमा परिवर्तन हुन्छ।

कार्डलाई तल माथि ढल्कायो भने हरियो रङ्ग गुलाबीमा परिवर्तन हुन्छ।








## होलोग्राम 3D आकारमा हल्लिन्छ।



कार्डलाई दायाँबायाँ ढल्कायो भने MOJ को होलोग्राम 3D आकारमा दायाँ र बायाँ हल्लिन्छ।



## अक्षरको सेतो र कालो रङ्ग परिवर्तित हुन्छ।




चाँदी रङ्गको होलोग्राम हेर्ने कोण 90 डिग्री परिवर्तन गर्‍यो भने अक्षरको सेतो र कालो रङ्ग परिवर्तित हुन्छ।





## कार्डको वाटरमार्क अक्षर देखिन्छ।

अँध्यारो ठाउँमा कार्डको अगाडिको भागमा प्रत्यक्ष तेजिलो प्रकाश पारेर हेर्‍यो भने दायाँको चित्रमा देखाइएको जसरी "MOJMOJ..." को वाटरमार्क अक्षर देखिन्छ।



**नकलीदेखि सावधान**

## रेजिडेन्स कार्ड आदिको वैधता निश्चय गर्न सकिन्छ!

हिजोआज नकल गरी बनाइएको रेजिडेन्स कार्डहरू फेला परिरहेका छन्।
तर जापान अध्यागमन सेवा विभागको WEB साइट "रेजिडेन्स कार्ड आदिको नम्बरको म्याद सम्बन्धी जानकारी जाँचबुझ" मा रेजिडेन्स कार्ड आदिको नम्बर जस्ता आवश्यक विवरण टाइप गरी, टाइप गरिएको कार्ड नम्बरको म्याद समाप्त भइसकेको छ वा छैन, निश्चय गर्न सकिन्छ।


https://lapse-immi.moj.go.jp/

साथै जापान अध्यागमन सेवा विभागको WEB साइटमा रेजिडेन्स कार्ड आदिको विशेष विवरण सार्वजनिक गरिएको छ। रेजिडेन्स कार्ड आदिको IC चिपमा रेकर्ड भएको जानकारी रिडिङ गर्नको लागि मेसिनहरूको निर्माण तथा बिक्री भइरहेको हुनाले, यस्ता मेसिनहरूको प्रयोग गरी रिडिङ गरिएको फोटो र वास्तविक कार्डको तुलना गरी, विश्वसनीय रेजिडेन्स कार्ड हो वा होइन भन्ने कुरा निश्चय गर्न सकिन्छ।

http://www.immi-moj.go.jp/news-list/120424_01.html

# रेजिडेन्स कार्डको जानकारी निश्चय गर्ने तरिका


## अगाडिको भागको नमुना




| | | |
|---|---|---|
| ① | नाम | सामान्यतया नाम अङ्ग्रेजी अल्फाबेटमा लेख्नु पर्दछ। नाममा खान्जी प्रयोग भएको व्यक्तिहरूले खान्जी पनि लेख्न सक्नेछन्। तर अनाधिकारिक नाम (निकनेम) भने लेखिनेछैन। |
| ② | बसोबास योग्यता | बसोबास योग्यता नभएको व्यक्तिको लागि कार्ड जारी गरिनेछैन। |
| ③ | बसोबास अवधि (म्याद पूरा हुने मिति ) | बसोबास अवधिको म्याद पूरा हुने मितिसम्म जापानमा रहन सकिनेछ। म्याद पूरा हुने मिति बितिसकेको व्यक्तिलाई अवैध रूपमा जापानमा बसोबास गर्ने व्यक्ति मानिनेछ।<br>यद्यपि आवेदन दिएको (⑨ हेर्नुहोस्) व्यक्तिहरू म्याद पूरा हुने मितिदेखि 2 महिना नबितेसम्म अथवा आवेदनको नतिजा नआएसम्म, ② को बसोबास योग्यतामा जापानमा बसोबास गर्न सक्नेछन्। |
| ④ | निवास स्थल (ठेगाना) | परिवर्तन भएको खण्डमा, पछाडिको भागमा लेखिएको हुन्छ। |
| ⑤ | प्रतिबन्धित काम छ वा छैन | प्रतिबन्धित काम छ वा छैन भन्ने कुराबारे, तलको उदाहरणमा देखाइएको जसरी लेखिएको हुन्छ।<br>"प्रतिबन्धित काम छैन"<br>→ प्रतिबन्धित कार्य विवरण छैन।<br>"बसोबास योग्यता बमोजिमको काम मात्र गर्न सकिने"<br>→ ② को बसोबास योग्यतामा तोकिएको काम मात्र गर्न पाइनेछ।<br>"विस्तृत विवरण उल्लेखपत्रद्वारा तोकिएको काम मात्र गर्न सकिने"<br>→ विस्तृत विवरण उल्लेखपत्र (10 पृष्ठ हेर्नुहोस्) मा काम निर्दिष्ट गरिएको हुने हुनाले, विस्तृत विवरण उल्लेखपत्र पनि निश्चय गर्नुहोस्।<br>"काम गर्न नपाउने"<br>→ सामान्यतया काम गर्न पाउनेछैन। तर पछाडिको भागको बसोबास योग्यता बाहिरको गतिविधिको अनुमति लेखेको ठाउँ (⑧ हेर्नुहोस्) मा "अनुमति छ" भनेर लेखिएको भएमा, त्यहाँ लेखिएको विवरणको सीमा भित्र रहेर काम गर्न सकिनेछ। |
| ⑥ | अनुहारको फोटो | रेजिडेन्स कार्डको म्याद पूरा हुने मितिमा "16 वर्षको जन्मदिनसम्म" भनेर लेखिएको कार्डमा फोटो हुनेछैन। |

# विदेशी नागरिकलाई रोजगार दिने बेला रेजिडेन्स कार्ड निश्चय गर्नुहोस्!

पछाडिको भागको नमुना




⑧ ⑨

⑩




नमुना

| | | |
|---|---|---|
| ⑦ | जारी गर्ने निकाय | 2019 साल मार्च 31 तारिखसम्ममा जारी गरिएको रेजिडेन्स कार्डमा "न्याय मन्त्री" भनेर लेखिएको हुन्छ। |
| ⑧ | बसोबास योग्यता बाहिरको गतिविधिको अनुमति लेखेको ठाउँ | अनुमति प्राप्त भएको भएमा, यो ठाउँमा तलको उदाहरणमा देखाइएको जसरी लेखिएको हुन्छ।<br>"अनुमति: सामान्यतया 1 हप्तामा 28 घण्टा वा सोभन्दा कम, वयस्कको मनोरञ्जक व्यवसायको काम बाहेक"<br>→ एक भन्दा बढी ठाउँमा पार्ट टाइम (आरुबाइतो) गर्ने भए तापनि, 1 हप्ताको कुल समय 28 घण्टा भित्र हुनुपर्नेछ।<br>"अनुमति: बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिपत्रमा लेखिएको दायरामा पर्ने गतिविधि"<br>→ यो कुरा लेखिएको खण्डमा, बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिपत्र (9 पृष्ठ हेर्नुहोस्) पनि निश्चय गर्नुहोस्। |
| ⑨ | आवेदन रेकर्ड | बसोबास अवधि नवीकरण अनुमतिको आवेदन दिएको भएमा वा बसोबास योग्यता परिवर्तन अनुमतिको आवेदन दिएको भएमा, यो ठाउँमा लेखिएको हुन्छ। साथै आवेदन दिएको व्यक्तिहरू म्याद पूरा हुने मितिदेखि 2 महिना नबितेसम्म अथवा आवेदनको नतिजा नआएसम्म, ② को बसोबास योग्यतामा जापानमा बसोबास गर्न सक्नेछन्। |
| ⑩ | पछिल्लो मितिमा जारी गरिने सहिछाप | जापानमा प्रवेश गर्दा रेजिडेन्स कार्ड जारी गरिने विमानस्थलहरू, सिन्चितोसे विमानस्थल, नारिता विमानस्थल, हानेदा विमानस्थल, च्युबु विमानस्थल, कान्साइ विमानस्थल, हिरोसिमा विमानस्थल र फुकुओका विमानस्थल हुन्।<br>अन्य विमानस्थलहरू आदिमा पासपोर्टमा "रेजिडेन्स कार्ड पछिल्लो मितिमा जारी गरिनेछ" भनेर लेखिन्छ। यस्तो अवस्थामा, मध्यमदेखि लामो अवधि बसोबास गर्ने व्यक्तिले नगरपालिका वा गाउँपालिकामा निवास स्थल (ठेगाना) सूचित गराएपछि, जापान अध्यागमन सेवा विभागबाट हुलाक मार्फत निवास स्थल (ठेगाना) मा रेजिडेन्स कार्ड पठाइनेछ। |

# बसोबास योग्यता के कस्ता किसिमका हुन्छन्?

| बसोबास योग्यता | बसोबास योग्यताको उदाहरण (पेसा आदि) |
|---|---|

## ● प्रतिबन्धित काम नभएको बसोबास योग्यता

| | |
|---|---|
| स्थायी बसोबासी | न्याय मन्त्रीबाट स्थायी अनुमति प्राप्त व्यक्ति (विशेष स्थायी बसोबासी बाहेक।) |
| जापानी नागरिकको पति वा पत्नी आदि | जापानी नागरिकको पति वा पत्नी सहोदर सन्तान र धर्मपुत्र वा धर्मपुत्री |
| स्थायी बसोबासीको पति वा पत्नी आदि | स्थायी बसोबासी, विशेष स्थायी बसोबासीको पति वा पत्नी तथा जापानमा जन्म भई निरन्तर बसोबास गरिरहेका सहोदर सन्तान |
| निर्धारित स्थायी बसोबासी | भूतपूर्व जापानी नागरिकको तेस्रो पुस्ता, तेस्रो मुलुकका पुनर्स्थापित शरणार्थी, चीनमा बाँकी रहेर त्यही बसोबास गर्दै आइरहेका जापानी नागरिकहरू आदि |

## ● काम गर्ने स्वीकृति भएको बसोबास योग्यता (कार्यविवरण तोकिएका)

| | |
|---|---|
| कूटनीति | विदेशी सरकारको राजदूत, मन्त्री, वाणिज्य दूत, प्रतिनिधिमण्डल सदस्यहरू आदि तथा उनीहरूको परिवार |
| सरकारी कामकाज | विदेशी सरकारको राजदूतावास, वाणिज्य दूतावासको कर्मचारी, अन्तर्राष्ट्रिय संगठन आदिबाट सार्वजनिक मामिलामा पठाइने व्यक्ति आदि तथा उनीहरूको परिवार |
| प्राध्यापक | विश्व विद्यालय प्राध्यापक आदि |
| कलाकारिता | सङ्गीतकार, चित्रकार, साहित्यकार आदि |
| धार्मिक गतिविधि | विदेशको धर्मिक संगठनबाट पठाइने धर्म प्रचारक आदि |
| पत्रकारिता | विदेशी सञ्चारमाध्यमको संवाददाता, क्यामरा म्यान |
| उच्च दक्ष विशेषज्ञ | उच्च दक्षको पेसागत दक्ष भएको व्यक्ति |
| व्यवसाय सञ्चालन, व्यवस्थापन | कम्पनीको सञ्चालक, व्यवस्थापक |
| कानून, लेखा सम्बन्धी कार्य | वकिल, प्रमाणपत्र प्राप्त सार्वजनिक लेखापाल आदि |
| चिकित्सा | चिकित्सक, नर्स, दाँतको चिकित्सक आदि |
| अध्ययन-अनुसन्धान | सरकारी निकाय वा कम्पनी आदिको अनुसन्धानकर्ता |
| शिक्षा | निम्न माध्यमिक विद्यालय, उच्च माध्यमिक विद्यालय आदिको भाषा शिक्षक आदि |
| इन्जिनियर, मानविकी तथा अन्तर्राष्ट्रिय विशेषज्ञ | मेकानिकल इन्जिनियर, दोभासे, डिजाइनर, निजी कम्पनीको भाषा शिक्षक, मार्केटिङको काम गर्ने कर्मचारी आदि |
| कम्पनी भित्रको सरुवा | विदेशको कार्यालयबाट सरुवा भएको व्यक्ति |
| नर्सिङ केयर | सर्टिफाइड केयर वर्कर |
| मनोरञ्जन | कलाकार, गायक, डान्सर, व्यावसायिक खेलकुदको खेलाडी आदि |
| सीप | विदेशी खानाको कूक, खेलकुद प्रशिक्षक, हवाईजहाज आदिको चालक, बहुमूल्य धातु आदि प्रशोधन गर्ने व्यक्ति आदि |
| निर्दिष्ट प्राविधिक सीप | निर्दिष्ट औद्योगिक क्षेत्र (नर्सिङ केयर, भवन सफाइ, मोल्डिङ उद्योग, औद्योगिक मेसिनरी उत्पादन उद्योग, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक जानकारी सम्बन्धित उद्योग, भवन निर्माण, पानीजहाज निर्माण तथा जहाज मेसिनरी औद्योगिक, सवारी साधन मर्मत सम्भार, एयरक्राफ्ट, होटेल, कृषि, माछा मार्ने उद्योग, खाद्य तथा पेय पदार्थ उत्पादन उद्योग, रेस्टुरेन्ट) मा काम गर्ने व्यक्ति |
| प्राविधिक प्रशिक्षण | प्राविधिक प्रशिक्षार्थी |

## ● काम गर्ने स्वीकृति नभएको बसोबास योग्यता

| | |
|---|---|
| सांस्कृतिक गतिविधि | जापानी संस्कृतिको अनुसन्धानकर्ता |
| छोटो अवधिको बसाइ | पर्यटक, सम्मेलनको सहभागी आदि |
| विदेशी विद्यार्थी | विश्व विद्यालय, जुनियर कलेज, प्राविधिक कलेज, उच्च माध्यमिक विद्यालय, निम्न माध्यमिक विद्यालय, प्राथमिक विद्यालय, व्यावसायिक विद्यालय तथा अन्य विभिन्न विद्यालयहरू आदिको विद्यार्थी तथा छात्रछात्रा |
| प्रशिक्षण | प्रशिक्षार्थी |
| पारिवारिक बसाइ | जापानमा बसोबास गर्ने विदेशी नागरिकले पालन पोषण गर्ने पति वा पत्नी र सन्तान |

● काम गर्न मिल्ने वा नमिल्ने भन्ने कुरा तोकिएको गतिविधि विवरण अनुसार हुने

| | |
|---|---|
| निर्दिष्ट गतिविधि | न्याय मन्त्रीद्वारा प्रत्येक विदेशी नागरिकको लागि विशेष रूपमा निर्दिष्ट गरिएको गतिविधिहरू (कूटनीतिज्ञ आदिको घरेलु कामदार, वर्किङ होलिडे, विश्व विद्यालय आदिबाट स्नातक गरेपछि काम खोज्ने प्रक्रिया गर्ने निरन्तर काम खोज्ने व्यक्ति, आर्थिक साझेदारी सम्झौता अनुसार विदेशी नागरिक नर्स र सर्टिफाइड केयर वर्करको निवेदक आदि) |

उदाहरणको रूपमा प्रमुख पेसाहरू उल्लेख गरिएको छ। यी बाहेक अन्य पेसाहरू पनि हुनाले, विस्तृत जानकारीको लागि नजिकको अध्यागमन सेवा ब्यूरोमा सम्पर्क गर्नुहोस्।

## बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिको बारेमा

प्रतिबन्धित काम नभएको बसोबास योग्यता बाहेक अन्य व्यक्तिले बसोबास योग्यतामा तोकिएको गतिविधि बाहेकका गतिविधि गर्ने खण्डमा, अग्रिम रूपमा बसोबास योग्यता बाहिरको गतिविधिको अनुमति लिनुपर्नेछ। यो अनुमति, ①स्वीकृति सिल (पासपोर्टमा टाँसिएको हुन्छ) अथवा ②बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिपत्रद्वारा निश्चय गर्न सकिन्छ। साथै रेजिडेन्स कार्डको पछाडिको भागमा पनि लेखिएको हुन्छ (7 पृष्ठ हेर्नुहोस्)।

नमुना ①




नमुना ②



विदेशी विद्यार्थी आदि, रेजिडेन्स कार्डको प्रतिबन्धित काम छ वा छैन लेखेको ठाउँमा (6 पृष्ठ हेर्नुहोस्) "काम गर्न नपाउने" भनेर लेखिएको व्यक्तिको बसोबास योग्यता बाहिरको गतिविधि, तलको तालिका अनुसार रहेको छ।

<table>
<tr><th>बसोबास योग्यता</th><th>1 हप्तामा काम गर्न सकिने समय</th><th>शैक्षिक संस्थाले सामान्यतया तोक्ने लामो बिदाको अवधि मा काम गर्न सकिने समय</th></tr>
<tr><td>विदेशी विद्यार्थी</td><td rowspan="3">28 घण्टा वा सोभन्दा कम</td><td>प्रति दिन 8 घण्टा वा सोभन्दा कम</td></tr>
<tr><td>पारिवारिक बसाइ</td><td rowspan="3"></td></tr>
<tr><td>निर्दिष्ट गतिविधि<br>(निरन्तर काम खोज्ने व्यक्ति अथवा उक्त व्यक्तिसँग सम्बन्धित पारिवारिक बसाइ गतिविधि गर्ने व्यक्ति)</td></tr>
<tr><td>सांस्कृतिक गतिविधि</td><td>व्यक्तिगत रूपमा अनुमति विवरण तय गरिनेछ</td></tr>
</table>

*** तर वयस्कको मनोरञ्जक व्यवसाय आदिमा काम गर्न पाइनेछैन!**

(स्नाक, बार, मनोरञ्जन पार्क, लभ होटेल, डान्सहल आदिमा काम गर्न पाइनेछैन।)

# अन्य निश्चय गर्नुपर्ने कागजातहरू

रेजिडेन्स कार्ड बाहेक, बसोबास योग्यता र कामको विवरण आदि निश्चय गर्ने कागजातको रूपमा निम्न कागजातहरू छन्।

## ① अवतरण अनुमति सिल

विमानस्थल आदिमा पहिलो पटक वा पुनःजापान प्रवेश (अवतरण) अनुमति दिइएको विदेशी नागरिकको पासपोर्टमा टाँसिन्छ। बसोबास योग्यता, बसोबास अवधि तथा बसोबास म्याद आदि लेखिएको हुन्छ।


नमुना




## ② विस्तृत विवरण उल्लेखपत्र

बसोबास योग्यता "निर्दिष्ट प्राविधिक सीप", "निर्दिष्ट गतिविधि" आदि भएको व्यक्तिको लागि जारी गरिन्छ। विस्तृत विवरण उल्लेखपत्रमा जापानमा गर्न सकिने गतिविधि आदि लेखिएको हुन्छ। यद्यपि, विस्तृत विवरण उल्लेखपत्र भए तापनि काम गर्न नपाउने व्यक्ति पनि हुन हुनाले, लेखिएको विवरण राम्रोसँग निश्चय गर्नुहोस्।


नमुना




## ③ रोजगार अनुमति प्रमाणपत्र

काम गर्न स्वीकृति दिइएको विदेशी नागरिकको आवेदन बमोजिम जारी गरिन्छ। रोजगारदाताहरूले रोजगार दिन चाहेको विदेशी नागरिकले कस्तो काम गर्न सक्छ भन्ने कुरा यो प्रमाणपत्रमा निश्चय गर्न सक्नेछन्। तर यो प्रमाणपत्र नदेखाएको कारण उक्त व्यक्तिलाई नोक्सानी पुग्ने कार्य गर्नु हुँदैन।

नमुना


番号

就労資格証明書

氏名

国籍・地域

年 月 日生（男・女）

旅券番号

在留カード番号/特別永住者証明書番号

在留資格（在留期間） （ ）


上記の者は、本邦において下記の活動を行うことが認められていることを証明します。

記

# अस्थायी रिहाइ भनेको के हो?

अध्यागमन व्यवस्थापन तथा शरणार्थी प्रमाणीकरण ऐन (अध्यागमन ऐन) उल्लङ्घनको आशङ्कामा जबरजस्ती फिर्ता पठाउने प्रक्रिया भइरहेको व्यक्ति वा जबरजस्ती फिर्ता पठाउने कुरा तय भइसकेको व्यक्तिलाई सामान्यतया जापान अध्यागमन सेवा विभागको हिरासतमा राखिन्छ तर स्वास्थ्य सम्बन्धी कारण जस्ता विभिन्न परिस्थितिले गर्दा अस्थायी रूपमा हिरासतबाट रिहा गर्ने कार्यलाई अस्थायी रिहाइ भनिन्छ।
अस्थायी रूपमा रिहा गरिएको व्यक्ति (अस्थायी रिहाइ व्यक्ति) को लागि अस्थायी रिहाइ अनुमतिपत्र जारी गरिन्छ तर अस्थायी रिहाइको अनुमति बसोबास योग्यता नहुनाले, सामान्यतया अस्थायी रूपमा रिहा गरिएको व्यक्तिले काम गर्न पाउनेछैन।
तसर्थ **अस्थायी रिहाइ अनुमतिपत्रको पछाडिको भागमा "रोजगार अथवा पारिश्रमिक लिने गतिविधि निषेध" भनेर सर्त उल्लेख गरिएको खण्डमा, काम गर्न पाइनेछैन।**
साथै अस्थायी रिहाइ अनुमतिपत्रमा यो सर्त उल्लेख नगरिएको अवस्थामा पनि, काम गर्न मिल्ने रेजिडेन्स कार्ड भएको व्यक्ति बाहेक अरूले काम गर्न पाउनेछैन।

## अगाडिको भागको नमुना


別記第六十七号様式（第四十九条関係）

（表）

番　号　〇〇第29-00号
年 月 日　2019年5月10日

日本国政府法務省

仮 放 免 許 可 書

出入国管理及び難民認定法第54条第2項の規定により，仮放免します。

見本・SAMPLE

1 氏　名　Taylor Carly　男・女
2 生年月日　1985 年 1 月 1 日
3 国籍・地域　〇〇国
4 住 居 地　東京都港区港南5丁目5番30号
5 仮放免の条件：裏面に記載のとおり。

出入国在留管理庁　入国者収容所長


出入国在留管理局主任審査官

入管 太郎

署　名

（注）用紙の大きさは，日本工業規格A列4番とする。

## पछाडिको भागको नमुना


（裏）

仮 放 免 の 条 件

(1) 住居
表記住居地に同じ

(2) 行動範囲
住居地の都道府県及び〇〇出入国在留管理局出頭の際の出頭経路

(3) 出頭を命じられたときは，指定された日時及び場所に出頭しなければなりません。

(4) 仮放免の期間
平成30年5月10日から平成30年〇月〇日〇時まで

(5) その他
職業又は報酬を受ける活動に従事できない

注　意

ア 住居を変更するときは，あらかじめ入国者収容所長又は主任審査官の承認を受けなければなりません。

イ 旅行等の理由により行動範囲を拡大する必要があるときは，あらかじめ入国者収容所長又は主任審査官の承認を受けなければなりません。

ウ 上記の条件に違反したときは，仮放免を取り消し，保証金の全部又は一部を没取することがあります。

エ 出頭の際は，本許可書を持参して下さい。

**यहाँ लेखिएको विवरण निश्चय गर्नुहोस्।**

# रोजगार दिन सम्भव छ वा छैन भन्ने कुरा कसरी निश्चय गर्ने?

**रेजिडेन्स कार्ड जारीको दायरामा पर्ने व्यक्ति**

बसोबास अवधि भित्र

**प्रतिबन्धित काम नभएको बसोबास योग्यता**

○ स्थायी बसोबासी ○ निर्धारित स्थायी बसोबासी ○ जापानी नागरिकको पति वा पत्नी आदि ○ स्थायी बसोबासीको पति वा पत्नी आदि

**प्रतिबन्धित काम भएको बसोबास योग्यता**

○प्राध्यापक ○कलाकारिता ○धार्मिक गतिविधि ○पत्रकारिता ○उच्च दक्ष विशेषज्ञ ○व्यवसाय सञ्चालन, व्यवस्थापन ○कानून, लेखा सम्बन्धी कार्य ○चिकित्सा ○अध्ययन-अनुसन्धान ○शिक्षा ○इन्जिनियर, मानविकी तथा अन्तर्राष्ट्रिय विशेषज्ञ ○कम्पनी भित्रको सरुवा ○नर्सिङ केयर ○मनोरञ्जन ○प्राविधिक सीप

**प्रतिबन्धित काम भएको बसोबास योग्यता**

○निर्दिष्ट प्राविधिक सीप

**प्रतिबन्धित काम भएको बसोबास योग्यता**

○प्राविधिक प्रशिक्षण

**सामान्यतया काम गर्न नपाउने बसोबास योग्यता**

○सांस्कृतिक गतिविधि ○विदेशी विद्यार्थी ○पारिवारिक बसाइ

**काम गर्न मिल्ने वा नमिल्ने भन्ने कुरा विस्तृत विवरण उल्लेखपत्रको विवरणद्वारा निर्णय गरिने बसोबास योग्यता**

○निर्दिष्ट गतिविधि
(वर्किङ होलिडे, काम खोज्ने प्रक्रिया गरिरहेको व्यक्ति आदि)

**काम गर्न नपाउने बसोबास योग्यता**

○प्रशिक्षण

---

**रेजिडेन्स कार्ड जारीको दायरामा नपर्ने**

बसोबास अवधि भित्र

**प्रतिबन्धित काम भएको बसोबास योग्यता**

○कूटनीति ○सरकारी कामकाज

**काम गर्न नपाउने बसोबास योग्यता**

○छोटो अवधिको बसाइ

---

**बसोबास अवधि नाघेको**

---

**विशेष स्थायी बसोबासी**

* विशेष स्थायी बसोबासीको लागि रेजिडेन्स कार्ड जारी नगरीकन, विशेष स्थायी बसोबासी प्रमाणपत्र जारी गरिन्छ।

---

**अस्थायी रूपमा रिहाइ गरिएको व्यक्ति**

अस्थायी रिहाइ अनुमतिपत्रको "अस्थायी रिहाइका सर्तहरू" लेखिएको ठाउँ निश्चय गर्नुहोस्

"रोजगार अथवा पारिश्रमिक लिने गतिविधि निषेध" भनेर उल्लेख गरिएको खण्डमा

"रोजगार अथवा पारिश्रमिक लिने गतिविधि निषेध" भनेर उल्लेख नगरिएको खण्डमा

रोजगार दिन मिल्छ।

बसोबास योग्यतामा स्वीकृति दिइएको कामको लागि मात्र
रोजगार दिन मिल्छ।

बसोबास योग्यता बाहिरको गतिविधिको अनुमति भएमा

बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिमा तोकिएको सर्तहरूको दायरा भित्रको
रोजगार दिन मिल्छ।

विस्तृत विवरण उल्लेखपत्रमा तोकिएको निकाय तथा क्षेत्रको कामको लागि मात्र
रोजगार दिन मिल्छ।

प्राविधिक प्रशिक्षण ऐनमा तोकिएको प्राविधिक प्रशिक्षण योजना बमोजिमको कामको लागि मात्र
रोजगार दिन मिल्छ।

विस्तृत विवरण उल्लेख पत्रमा तोकिएको सर्तहरूको दायरा भित्र मात्र
रोजगार दिन मिल्छ।

बसोबास योग्यता बाहिरको गतिविधिको अनुमति भएमा

बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिमा तोकिएको सर्तहरूको दायरा भित्र मात्र
रोजगार दिन मिल्छ।

रोजगार दिन मिल्दैन।

---

बसोबास योग्यतामा स्वीकृति दिइएको कामको लागि मात्र
रोजगार दिन मिल्छ।

बसोबास योग्यता बाहिरको गतिविधिको अनुमति भएमा

बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिमा तोकिएको सर्तहरूको दायरा भित्र मात्र
रोजगार दिन मिल्छ।

रोजगार दिन मिल्दैन।

---

रोजगार दिन मिल्दैन।

---

रोजगार दिन मिल्छ।

---

रोजगार दिन मिल्दैन।

काम गर्न मिल्ने रेजिडेन्स कार्ड नभएको खण्डमा

काम गर्न मिल्ने रेजिडेन्स कार्ड भएको खण्डमा

रोजगार दिन मिल्छ।

# रोजगार दिएपछि सूचित गराउनुपर्ने कुराहरू

## विदेशी नागरिकको रोजगार स्थिति सूचित गराउने प्रणाली

सम्पूर्ण रोजगारदाताहरूले "श्रम नीतिहरूको व्यापक प्रवर्द्धन तथा कामदारको रोजगारको स्थिरता र व्यावसायिक जीवनको सुधार आदिसँग सम्बन्धित कानुन" (श्रम नीतिहरूको व्यापक प्रवर्द्धन ऐन) बमोजिम, विदेशी कामदार ("विशेष स्थायी बसोबासी" तथा "कूटनीति" र "सरकारी कामकाज" को बसोबास योग्यता भएको व्यक्ति बाहेक।) लाई काममा राखेको वा काम छोडेको बेला, सम्बन्धित विदेशी कामदारको नाम, बसोबास योग्यता, बसोबास अवधि आदि निश्चय गरी, हेलो वर्कलाई जानकारी गराउनुपर्नेछ।

**सूचित नगराएमा वा झूटो कुरा सूचित गराएको खण्डमा...** ▶▶▶ **3 लाख येन वा सोभन्दा कमको जरिबाना**

| | रोजगार बिमा अन्तर्गत बिमा गरिएको विदेशी नागरिक | रोजगार बिमा अन्तर्गत बिमा नगरिएको विदेशी नागरिक |
|---|---|---|
| सूचित गराउनुपर्ने स्थान | रोजगार बिमा गर्ने कार्यालय पर्यवेक्षण गर्ने हेलो वर्क | सम्बन्धित विदेशी नागरिक काम गर्ने कार्यालय भवन (पसल, कारखाना आदि) भएको ठाउँ पर्यवेक्षण गर्ने हेलो वर्क |
| सूचित गराउनुपर्ने म्याद | रोजगार दिंदा<br>रोजगार बिमाको बीमित योग्यता अधिग्रहण आवेदन पेस गर्ने मिति र यो मिति एकै (अर्को महिनाको 10 तारिखसम्म)<br>काम छोड्दा<br>रोजगार बिमाको बीमित योग्यता रद्द आवेदन पेस गर्ने मिति र यो मिति एकै (भोलिपल्टदेखि 10 दिन भित्र) | भित्रिने र बाहिरिने दुबै अवस्थाहरूमा अर्को महिनाको अन्तिम दिनसम्म |

**इन्टरनेटमा इलेक्ट्रोनिक माध्यमद्वारा पनि सूचित गराउन सकिन्छ!**

विदेशी नागरिकको रोजगार स्थिति सूचित गराउने प्रणाली **खोज**

https://gaikokujin.hellowork.mhlw.go.jp/report/001010.do?screenId=001010&action=initDisp

# अनलाइन भिसा आवेदन प्रक्रिया

जापान अध्यागमन सेवा विभागले अनलाइन भिसा आवेदन प्रक्रिया सुरु गरेको छ।

| दायरामा पर्ने बसोबास योग्यता | दायरामा पर्ने आवेदन प्रक्रिया | यो प्रणाली प्रयोग गर्न सक्ने व्यक्तिहरू |
|---|---|---|
| अध्यागमन व्यवस्थापन तथा शरणार्थी प्रमाणीकरण ऐन (अध्यागमन ऐन) फरक तालिका 1 को बसोबास योग्यताहरू (कूटनीति, छोटो अवधिको बसाइ बाहेक) | ①बसोबास योग्यता प्रमाणीकरण प्रमाणपत्र जारीको आवेदन ②बसोबास योग्यता परिवर्तन अनुमतिको आवेदन ③बसोबास अवधि नवीकरण अनुमतिको आवेदन ④बसोबास योग्यता प्राप्ति अनुमतिको आवेदन ⑤रोजगार योग्यता प्रमाणपत्र जारीको आवेदन ⑥पुनःप्रवेश अनुमतिको आवेदन(*) ⑦बसोबास योग्यता बाहिरको गतिविधिको अनुमतिको आवेदन (*)<br>*②~④ सँगै प्रक्रिया गर्ने अवस्थाको लागि मात्र सीमित गरिएको छ। | विदेशी नागरिक अथवा कानुनी प्रतिनिधिबाट अनुरोध गरिएको निम्न व्यक्तिहरू<br>① उचित ढंगमा विदेशी नागरिकलाई रोजगारी दिई, विदेशी नागरिकको रोजगार स्थिति सूचित गराउने कार्य पूरा गरेको आदि, निश्चित आवश्यकताहरू पूरा गरेको विदेशी नागरिकको आबद्ध संस्थाको कर्मचारी<br>② ① को आबद्ध संस्थाबाट अनुरोध गरिएको वकिल, प्रशासनिक कामकाज विशेषज्ञ, सार्वजनिक सेवा संघको कर्मचारी र दर्ता सहायता संघको कर्मचारी |

**अनलाइन प्रक्रिया गर्नको लागि अग्रिम प्रयोग दर्ता गर्नुपर्नेछ।**

अनलाइन भिसा आवेदन प्रणाली **खोज**

http://www.immi-moj.go.jp/tetuduki/zairyukanri/onlineshinsei.html

# अवैध कामदारलाई रोजगार दियो भने

## कानुनी सजाय

### अवैध रोजगारलाई बढावा दिने अपराध

काम गर्न स्वीकृति नदिइएको विदेशी नागरिकलाई रोजगार दिने रोजगारदाता र उक्त काम मिलाउने व्यक्तिलाई,

**3 वर्ष वा सोभन्दा कमको जेल सजाय**

अथवा

**30 लाख येन वा सोभन्दा कमको जरिबाना**

अथवा यी दुबै हुन सक्छ।



* विदेशी रोजगारदाताले अवैध रोजगारलाई बढावा दिने कार्य गरेमा, उक्त व्यक्ति जबरजस्ती फिर्ता पठाइने व्यक्तिको दायरामा पर्नेछ।

## सामाजिक सजाय

कम्पनीको अनुपालन क्रियाकलापमा सबैको नजर जाने हालको परिस्थितिमा, अवैध कामदारलाई रोजगार दिएको कुराको खुलासा भएमा, उपभोक्ता, कारोबार कम्पनी, उद्योग संगठन आदिको विश्वास र भरोसा गुमाई,

**कम्पनीको छविमा दाग लाग्ने**

सम्भावना हुन्छ।

# प्राय: सोधिने प्रश्नहरू

**Q** **अवैध कामदार भनेर थाहा नपाईकन विदेशी नागरिकलाई रोजगार दिएको भए तापनि, सजायको दायरामा पर्छ?**

**A** अवैध कामदार भनेर थाहा नपाईकन रोजगार दिएको भए तापनि, रेजिडेन्स कार्ड निश्चय नगरेको जस्ता त्रुटी भएको खण्डमा, त्यसको सजायबाट छुटकारा मिल्दैन। विदेशी नागरिकलाई रोजगार दिने बेला, रेजिडेन्स कार्ड आदि राम्रोसँग निश्चय गरी, रोजगार दिन सम्भव छ वा छैन निर्णय गर्नुहोस्।

**Q** **विदेशी नागरिकलाई रोजगार दिएपछि, अथवा विदेशी नागरिकले काम छोडेपछि, कुनै ठाउँमा रिपोर्ट गर्नुपर्छ?**

**A** रोजगारदाताले विदेशी कामदार ("विशेष स्थायी बसोबासी", "कूटनीति" तथा "सरकारी कामकाज" बाहेक) लाई रोजगार दिएको खण्डमा र विदेशी नागरिकले काम छोडेको खण्डमा हेलो वर्कलाई सूचित गराउनुहोस्। सूचित नगराएको खण्डमा, 3 लाख येन वा सोभन्दा कमको जरिबाना लगाइने सम्भावना हुने हुनाले सतर्क रहनुहोस्।

**Q** **6 महिना वा सोभन्दा बढी बसोबास अवधि बाँकी भएको "इन्जिनियर, मानविकी तथा अन्तर्राष्ट्रिय विशेषज्ञ" को बसोबास योग्यतामा जापान बसोबास गरिरहेको विदेशी नागरिकले काम गुमाई, हाम्रो कम्पनीको "दोभासे र अनुवादको काम" को लागि आवेदन दिनुभएको छ। उहाँलाई रोजगार दिए पनि हुन्छ? साथै कम्पनी परिवर्तन गर्दा, जापान अध्यागमन सेवा विभागको अनुमति आवश्यक पर्छ?**

**A** "इन्जिनियर, मानविकी तथा अन्तर्राष्ट्रिय विशेषज्ञ" को बसोबास योग्यतामा जापानमा बसोबास गरिरहेको विदेशी नागरिकले बसोबास अवधि भित्र उक्त बसोबास योग्यतामा पर्ने "दोभासे र अनुवादको काम" मा परिवर्तन गर्न सम्भव छ र यसको लागि जापान अध्यागमन सेवा विभागको अनुमति आवश्यक हुँदैन।
तर विदेशी नागरिकले काम परिवर्तन गरेको कुराबारे जापान अध्यागमन सेवा विभागलाई सूचित गराउनुपर्नेछ। साथै काम परिवर्तन गर्ने खण्डमा, काम सुरु गर्ने कम्पनीको कार्यविवरण बसोबास योग्यताको गतिविधिमा पर्छ वा पर्दैन निर्णय गर्नको लागि, जापान अध्यागमन सेवा विभागमा "रोजगार योग्यता प्रमाणपत्र" को आवेदन दिन लगाउनु राम्रो हुन्छ।

**Q** **"सीप" को बसोबास योग्यतामा जापानमा बसोबास गरिरहेको विदेशी नागरिक कामदारले, बसोबास अवधि भित्रै बसोबास अवधि नवीकरण अनुमतिको आवेदन दिनुभएको छ तर नतिजा आउनु अगाडि नै अहिलेको बसोबास अवधि सिद्धेला जस्तो छ। निरन्तर रोजगार दिन सम्भव छ?**

**A** बसोबास अवधि नवीकरण अनुमतिको आवेदन तथा बसोबास योग्यता परिवर्तन अनुमतिको आवेदनको नतिजा, बसोबास अवधिको म्याद पूरा हुने मितिसम्म नआएको खण्डमा, पहिलेको बसोबास अवधिको म्याद पूरा हुने मितिदेखि 2 महिना नबितेसम्म, निरन्तर पहिलेकै बसोबास योग्यतामा जापानमा बसोबास गर्न सकिने हुनाले, रोजगार दिइराखेपनि समस्या हुँदैन।
तर बसोबास अवधिको म्याद पूरा हुने मिति पछि सम्बन्धित आवेदन अस्वीकृत नतिजा आएको खण्डमा, पहिलेको बसोबास योग्यता गुम्ने हुनाले, सम्बन्धित नतिजाको सूचना अनुसार गर्न लगाउनुहोस्।

# विदेशी नागरिकको रोजगारीबारे समस्या भएको बेला के गर्ने?

विदेशी नागरिकको विभिन्न समस्या र परामर्शको लागि तलको सम्पर्क स्थानको प्रयोग गर्नुहोस्।

## ❑ विदेशी नागरिकको लागि रोजगार आदि सम्बन्धी परामर्श

टोक्यो महानगरपालिका रोउदोउ 110 ............................ 0570-00-6110

सिन्ज्युकु विदेशी नागरिक रोजगार सहायता तथा मार्गदर्शन केन्द्र ............................ 03-3204-8609

विदेशी निवासी सहयोग केन्द्र ............................ 0570-011000

टोक्यो श्रम ब्यूरो, विदेशी नागरिक विशेष परामर्श तथा सहायता कक्ष (श्रम समस्या सम्बन्धी परामर्श) ............................ (न्याभिगेसन डायल 2)

टोक्यो विदेशी नागरिक रोजगार सेवा केन्द्र (रोजगार परामर्श) ............................ (न्याभिगेसन डायल 3)

## ❑ बसोबास योग्यता, रेजिडेन्स कार्ड, बसोबास योग्यता बाहिरको गतिविधिको अनुमति जस्ता प्रक्रियाहरू सम्बन्धी सोधपुछको लागि

विदेशी निवासी समग्र जानकारी केन्द्र............................ 0570-013904

विदेशी नागरिकको लागि समग्र परामर्श सहयोग केन्द्र ............................ 03-3202-5535

## ❑ टोक्यो महानगरपालिकाको विदेशी नागरिक परामर्श "महानगरपालिकावासीको आवाज शाखा"

अङ्ग्रेजी भाषा (सोमबारदेखि शुक्रबार) ............................ 03-5320-7744

चिनियाँ भाषा (मङ्गलबार र शुक्रबार) ............................ 03-5320-7766

कोरियाली भाषा (बुधबार) ............................ 03-5320-7700

## ❑ अवैध रूपमा जापानमा बसोबास गरिरहेको व्यक्तिसँग सम्बन्धित जानकारी भएमा, टोक्यो अध्यागमन सेवा ब्यूरो अथवा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुहोस्।

टोक्यो अध्यागमन सेवा ब्यूरो ............................ 03-5796-7256


## ❑ सम्बन्धित होमपेजको जानकारी

न्याय मन्त्रालय ............................ http://www.moj.go.jp/

जापान अध्यागमन सेवा विभाग............................ http://www.moj.go.jp/isa/index.html

स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय............................ https://www.mhlw.go.jp/

टोक्यो श्रम ब्यूरो............................ https://jsite.mhlw.go.jp/tokyo-roudoukyoku/home.html



## टोक्यो महानगरपालिकामा रोजगारदाता र मानव संसाधनको जिम्मेवार कर्मचारीलाई अवैध रोजगार रोकथामबारे जागरुक बनाउनको लागि शिक्षकलाई निशुल्क कम्पनीमा पठाउने व्यवस्था छ!

यसमा रुचि भएमा, संकोच नमानीकन तलको सम्पर्क स्थानमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

---

## यो निर्देशिका टोक्यो महानगरपालिका नागरिक सुरक्षा प्रवर्द्धन कार्यालयको होमपेजबाट निशुल्क डाउनलोड गर्न सकिन्छ!






विदेशी कामदारको रोजगार सम्बन्धी निर्देशिका | खोज

https://www.tomin-anzen.metro.tokyo.lg.jp/chian/chiankaizen/gaikokujin/koyoumanyuaru/index.html

---


प्रकाशन: टोक्यो महानगरपालिका नागरिक सुरक्षा प्रवर्द्धन मुख्यालय, व्यापक प्रवर्द्धन विभाग, शान्ति तथा सुरक्षा उपाय शाखा

〒163-8001 टोक्यो महानगरपालिका, सिन्ज्युकु सहर, निसी सिन्ज्युकु 2-8-1　फोन 03-5388-2279

रेइवा 3 साल (2021 साल) 2 महिना प्रकाशन　दर्ता नम्बर (2) 30



リサイクル適性Ⓐ
この印刷物は、印刷用の紙へリサイクルできます。